## श्री ५ को सरकार

# अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) तथा बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी चावेलस्थित अनाथालय, तथा समाज कल्याण केन्द्र वृद्धाश्रमका बिरामीहरूसमेतलाई उपलब्ध गराउन सिलगढी भारतबाट पैठारी हुने तपसिलबमोजिमको खाद्य पदार्थमा लाग्ने भन्सार महशूल तथा बिक्रीकर पूर्णरूपले छूट दिने निर्णय भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

## तपसिल

१. पाउडर दूध–प्रति टीन २० के.जी. भएको ६ टीन
२. बेबी मिल्क–प्रति बाकस १० के.जी.भएको ६ बाकस
३. प्रोटिन बिस्कुट–प्रति टीन १० के.जी. भएको ६ टीन
४. वनस्पति तेल–३.७८५ लिटर टीनको ६ टीन भएको ४ बाकस ।

आज्ञाले,
कृष्णप्रसाद अधिकारी
उप-सचिव

मुद्रण विभाग सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।